**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ जेठ ६ गते**
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले जेठ ६ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** नेपालगञ्जमा मृत्यु भएका युवकको टोलीसँगै रहेको आशङ्कामा तुर्माखाँद गाउँपालिकाका सात जनाको जेठ ६ गते थ्रोट स्वाब सङ्कलन गरिएको छ । क्वारेन्टाइनमा रहेका सात मध्ये दुई जनामा ज्वरो, रुघाखोकी देखिएपछि स्वास्थ्य कार्यालय, अछामको टोली सोही स्थानमै पुगेर स्वाब सङ्कलन गरेर परीक्षणका लागि सुर्खेत पठाइएको तुर्माखाँद गाउँपालिकाका अध्यक्ष पुष्पराज शर्माले जानकारी दिनुभयो ।
तर क्वारेनटाइनमा रहेका व्यक्तिहरुले मृत्यु भएका युवकसँगै आफूहरु नरहेको बताएका छन् । नेपालगञ्जबाट आरडीटी परीक्षणमा भने सबैको नेगेटिभ रिपोर्ट आएको क्वारेन्टाइनमा रहेका पदमबहादुर शाहीले जानकारी दिनुभयो । सात जना सहित क्वारेन्टाइनमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी समेतको परीक्षण गर्नु पर्ने भएकोले १२ ओटा भिसिआर पठाइएको स्वास्थ्य कार्यालय, अछामका प्रमुख झनकराज ढुङ्गानाले जानकारी दिनुभयो । भारतको बनारसबाट हिँडेर जेठ २ गते नेपालगञ्ज पुगेका र नेपालगञ्जबाट जुम्ला जाने यात्रुबाहक बसमै जेठ ३ गते तुर्माखाँद गाउँपालिका पुग्नु भएका सात जना जेठ ३ गतेदेखि नै तुर्माखाँद गाउँपालिका-१ रहफस्थित क्वारेन्टाइनमा रहेका छन् ।
यसैगरी कोरोना सङ्क्रमणसँग मिल्दो लक्षण देखापरेपछि वयलपाटा अस्पतालमा समेत दुई जनाको स्वाब सङ्कलन गरेर परीक्षणका लागि जेठ ६ गते सुर्खेत पठाइएको बयालपाट अस्पतालले जनाएको छ । बान्नीगढी जयगढ गाउँपालिकाका एक युवकमा आरडीटी परीक्षण रिपोर्ट पोजेभिट देखिएपछि जेठ ५ गतेबाट वयलपाटा अस्पतालको आइसोलेशनमा राखिएको र उनको पीसीआर परीक्षणका लागि स्वाब सङ्कलन गरेर सुर्खेत पठाइएको स्वास्थ्य कार्यालय, अछामले जनाएको छ ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** भीमदत्त नगरपालिकाले भारतीय क्वारेन्टाइनमा राखिएका नेपाली नागरिकहरुलाई स्वास्थ्य जाँचपछि बासस्थानसम्म पुगाउन सङ्घीय र प्रदेश सरकारसँग आग्रह गरेको छ । भीमदत्त नगरपालिका नगर कार्यपालिकाको जेठ ५ गते बसेको बैठकले स्वास्थ्य जाँच प्रकिया पुरा गरिएका नागरिकलाई सिधैं बासस्थानसम्म पुगाउन आग्रह गरेको छ ।
भीमदत्त नगरपालिकाका प्रमुख सुरेन्द्र विष्टको अध्यक्षतामा बसेको बैठकमा कोरोना महामारी रोकथाम र नियन्त्रणका लागि हालसम्म गरिएका कार्यको समीक्षा गरिएको छ । भीमदत्त नगरपालिका पश्चिमी सीमा नाका भएकाले सुरुदेखि कोरोना सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि सक्रिय रुपमा लागेको नगरपालिकाका प्रमुख विष्टको भनाइ छ । नगरपालिकाले महाकाली अस्पतालमा प्रयोगशाला निर्माण, मेडिकल उपकरण तथा स्वास्थ्य जाँचका लागि आवश्यक किटको व्यवस्था गर्न समेत सङ्घ र प्रदेश सरकारसँग आग्रह गरेको छ । कार्यपालिका बैठकबाट कोरोना भाइरस रोकथाम एवम् नियन्त्रणका लागि आवश्यक समन्वय, सहजीकरण तथा निर्देशनका लागि गठन गरिएको नगर स्तरीय निर्देशक तथा समन्वय समितिमा वन वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजकलाई सदस्यमा मनोनयन गर्ने निर्णय गरिएको छ । भीमदत्त नगरपालिका नगर कार्यपालिकाका प्रवक्ता हिमालबहादुर चन्दले

असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड २०७६ मा मन्त्री परिषद्का निर्णयका बुँदा समेत समावेश गरी राहत वितरण निर्देशिका लागु गर्ने निर्णय गरिएको बताउनु भयो । भीमदत्त नगरपालिकाले मापदण्ड अनुसार यसअघि ७ हजार भन्दा बढी परिवारलाई राहत वितरण गरेको र नगरपालिकाले खाद्यान्नको समस्या भएका परिवारलाई प्रधानमन्त्री रोजागार कार्यक्रम लगायतका उत्पादन मुलक कार्यक्रममा सहभागी गराउने निर्णय गरेको प्रवक्ता चन्दको भनाइ छ ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्रसिंह कार्कीका अनुसार** नौ ओटै स्थानीय तहका जनप्रतिनिधिहरुले सीमा पारी अलपत्र रहेका नेपाली मजदुरको उद्धार गर्नु पर्ने माग गरेका छन् । जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको जेठ ६ गते जिल्ला सदरमुकाम खलंगामा बसेको बैठकले अलपत्र परेका मजदुरहरुको उद्धार गर्नु पर्ने माग अघि सारेका हुन् । भारतका विभिन्न शहरहरुमा अहिले पनि सयौं नेपाली सीमामा आएर अलपत्र परेको भन्दै उद्धार गर्नतर्फ पहल गर्न माग गरेका हुन् । अपिहिमाल गाउँपालिका अध्यक्ष धर्मानन्द मन्यालले जिल्ला बाहिर र भारतका विभिन्न शहर तथा सीमामा अलपत्र परेका नेपालीको उद्धार गर्नु पर्ने बताउनु भयो । मार्मा गाउँपालिका अध्यक्ष जमनसिह धामीले भारत लगायतका तेस्रो मुलुकमा मार्मा गाउँपालिकाको मात्रै १ हजार ३ सय ३० जना नागरिक अलपत्र परेको भन्दै उद्धारको लागि रणनीति बनाउनु पर्ने बताउनु भयो । तर, उद्धार गरिएकाहरुलाई अनिवार्य क्वारेन्टाइनमा राख्ने व्यवस्थापन गर्नु पर्ने उहाँको भनाइ छ । मालिकार्जुन गाउँपालिका अध्यक्ष नरेन्द्रसिह धामीले महाकाली नदीबाट अहिले पनि दैनिक मजदुरहरु घर फर्किरहेको भन्दै उनीहरुको कारण गाउँमा जोखिम बढ्ने खतरा रहेको बताउनु भयो । भारतबाट आएका व्यक्तिहरुलाई अनिवार्य क्वारेन्टाइन र स्वास्थयकर्मीसहितको व्यवस्थापनमा सबैले ध्यान दिनु पर्ने उहाँको भनाइ छ । मालिकार्जुन गाउँपालिकाका झण्डै १ हजार ५ सय ९९ जना भारतमा मजदुरी गर्न गएको धामीले बताउनु भयो ।
यसैगरी लेकम गाउँपालिका अध्यक्ष प्रमानन्द जोशीले भारतमा सयौं लेकमबासी अलपत्र परेको भन्दै उनीहरुलाई उद्धार हुने नहुने कुरा सरकारले निर्णय गर्नु पर्ने बताउनु भयो । नौगाड गाउँपालिका अध्यक्ष प्रेमसिह धामीले सीमापारी रोकिएका नेपाली नागरिक ल्याउन सङ्घीय सरकार, प्रदेश सरकार, र जिल्ला प्रशासन कार्यालय, दार्चुलालाई अनुरोध पत्र पठाइसकेको स्मरण गराउँदै नेपालीहरुले भारतमा अलपत्र पर्न नदिन उद्धारमा ध्यान दिनु पर्ने बाउनु भयो । अहिले पनि नौगाडँ गाउँपालिकाका स्थानीय बंगलोर, दिल्ली लगायतका क्षेत्रबाट सीमा क्षेत्रमा आउने क्रम जारी रहेको भन्दै उद्धार गरी गाउँकै क्वारेन्टाइनमा राख्नु पर्ने उहाँको भनाइ छ ।
दुहुँ गाउँपालिका अध्यक्ष पुलेन्द्रबहादुर कार्कीले भारत तथा तेस्रो मुलुकबाट आउने नेपालीहरुलाई सकेसम्म सदरमुकाम क्षेत्रमा व्यवस्थित क्वारेन्टाइन बनाएर राख्नु पर्ने बताउनु भयो । गाउँका क्वारेन्टाइनमा व्यवस्थित गर्न सकिदैन, सम्भव पनि छैन, उहाँले भन्नुभयो । स्रोत साधन बीना गाउँका क्वारेन्टाइनमा राख्दा जोखिम बढ्ने भन्दै बरु सबै स्थानीय तहले समन्वयगरेर सुविधा भएको ठाउँमा राख्नु पर्ने कार्कीको भनाइ छ । दुहु गाउँपालिकाका मात्रै १ हजार बढि भारत लगायतका विभिन्न देशमा काम गर्न गएका छन् ।
मालिकार्जुन गाउँपालिका - ७ जौलजिवीबाट मालिकार्जुन गाउँपालिका- ७ घर भएका कृतबहादुर चन्द जेठ ६ गते महाकाली नदीमा पौडी खेलेर नेपाल प्रबेश गरेका छन् । चन्दलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर क्वारेन्टाइनमा राखिएको मालिकार्जुन कोरोना समन्वय समिति सदस्य जनकराज जोशीले जानकारी दिनुभयो । चन्दलाई उदयदेब आधारभूत विद्यालयको क्वारेन्टाइमा राखिएको छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** लगकडाउनका कारण प्रभावित भएको दादुरा रुवेला खोप सेवा पुनः सुचारु भएको छ। कैलारी गाउँपालिकामा जेठ ६ गते ३ हजार २ सय ३७ जना बालबालिकालाई दादुरा रुबेला खोप लगाइएको गाउँपालिकाका स्वास्थ्य सयोजक बिरेन्द्र सापकोटाले बताउनु भयो । गाउँपालिकामा रहेका ३ हजार ८ सय ४ जना बालबालिकामा दादुरा रुबेलाको खोप लगाउने लक्ष्य लिइएकोमा ८५ प्रतिशत प्रगति हासिल भएको स्वास्थ्य सयोजक सापकोटाको भनाइ छ।
यसैगरी जन्मेदेखि पाँच वर्षसम्मका ३ हजार ९ सय १ जना बालबालिकालाई पोलियो थोपा पनि खुवाइएको स्वास्थ्य संयोजक सापकोटाले जानकारी दिनुभयो । गाउँपालिकामा रहेको ६ ओटा स्वास्थ्य संस्थाबाट सामाजिक दूरी कायम गरेर दादुरा रुबेलाको खोप लगाइएको सापकोटाको भनाइ छ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** आदर्श गाउँपालिका वडा नम्बर ६ ले एक गाउँबाट अर्को गाउँमा जान रोकलगाउने निर्णय गरेको छ । वडा अध्यक्ष लालबहादुर खडायतको अध्यक्षतामा बसेको बैठकले वडासँग जोडिएका बैतडी, बझाङ र डडेल्धुरासँग जोडिएका सीमा नाकाबाट विभिन्न माध्यमबाट वडा प्रवेस गर्ने सम्भावना रहेकोले वडालाइ कोरोनाको जोखिमबाट बचाउन सो निर्णय गरेको अध्यक्ष खडायतको भनाइ छ । वडाले गरेको निर्णय उल्लङ्घन गर्नेलाई कार्वाही समेत गरिने अध्यक्ष खडायतले बताउनु भयो।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** बडिमालिका नगरपालिका वडा नम्बर ८ को समन्वय र मानवताका लागि हामी भन्ने अभियानको सहयोगमा बडिमालिका नगरपालिका - ८ का दिर्घरोगीहरूलाई जेठ ५ र ६ गते निशुल्क औषधि वितरण गरिएको छ । कोरोना भाइरसको रोकथामका लागि जारी लकडाउनका कारण दिर्धरोगीहरुलाई समस्या भएको गुनासो आएपछि उहाँहरुकै घरमा गएर औषधि वितरण गरिएको बडिमालिका नगरपालिका वडा नम्बर ८ का अध्यक्ष प्रकाश रावलले बताउनु भयो। लकडाउनका कारण औषधि नपाएर थप समस्या भोगिरहेका दिर्धरोगीहरु क्मसः मधुमेह, दम, उच्चरक्तचाप मुटुरोगीहरुका लागि घरघरमै पुगेर डाक्टरको सल्लाह अनुसार औषधि वितरण गरिएको मानवताका लागि हामी अभियानका अभियान्ता दिलिपकुमार थापाले बताउनु भयो। लकडाउनका कारण औषधि नपाउने अवस्थामा यसरी घरघरमै आएर औषधि उपलब्ध गराउँदा ठुलो राहत पुगेको स्थानीय जंगबहादुर रावलले बताउनु भयो । मानवताका लागि हामी अभियान अन्तर्गत हालसम्म २५ बढी दीर्घरोगीलाई कम्तीमा २० दिनदेखि १ महिनासम्म पुग्ने गरी औषधि वितरण गरिसकेको मानवताका लागि हामी अभियानका सदस्य जनक थापाले जानकारी दिनुभयो।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**